**जिल्ला प्रशासन कार्यालय, रौतहटबाट वार्षिक रुपमा प्रकाशित**

# प्रशासन बुलेटिन २०७९


**बर्ष ४, अंक ७, २०७८ (२०७८ श्रावण १ देखि २०७९ असार मसान्त सम्म)**





## प्रमुख जिल्ला अधिकारीको अनुरोध



मानव चाहनाको दिगो पूर्तिको लागि आर्थिक समृद्धि, सामाजिक रुपान्तरण, वातावरणीय दिगोपना र संस्थागत क्षमता विकासका लागि राष्ट्रसंघीय महासभावाट अनुमोदित मार्गचित्र, (समावेशी सामाजिक विकास, समावेशी आर्थिक विकास, वातावरणीय दिगोपना, शान्ति सुरक्षा सहितको सुशासन) जस्ता क्षेत्रगत कार्य सहित दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि एकीकृत र समन्वयात्मक प्रयास अंगिकार गरिएको छ । रौतहट जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्नु, नागरिकता तथा राहदानी वितरण गर्नु, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्नु, विपद् व्यवस्थापन सम्बन्धि कार्य गर्नु, सुशासन कायम गर्नु, सार्वजानिक शान्ति विरुद्धका कसुरहरुमा अर्धन्यायिक निकायको रुपमा निर्णय गर्नु साथै विकासात्मक कार्यहरुमा समन्वय, सहजीकरण गर्नु, अन्तराष्ट्रिय सिमा तथा सिमा स्तम्भ अवलोकन निरीक्षण गर्नु जिल्ला प्रशासन कार्यालय रौतहटका मुख्य मुख्य कार्यहरु हुन् । यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरुका वारेमा सरोकारवालाहरुलाइ सुसूचित गराइ प्राप्त पृष्ठपोषण केन्द्रमा पठाई केन्द्र र जिल्ला बीचको पुलको रुपमा कार्य गरी नागरिक केन्द्रीत सार्वजानिक प्रशासन सञ्चालनका लागि २०७८ श्रावण १ देखि २०७९ असार मसान्त सम्मको कार्यसम्पादन अवस्था उल्लेख गरी बार्षिक बुलेटीन प्रकाशन गरिएको छ । आगामी दिनमा जिल्ला प्रशासन कार्यालयले सम्पादन गरेका गतिविधिहरुका साथै जिल्लास्थित सरकारी निकायहरुबाट भएका असल अभ्यासहरुलाइ समेत समावेश गरिनेछ । सेवाग्राही तथा अन्य सरोकारवाला व्यक्ति/निकायबाट प्राप्त सुझावका आधारमा बुलेटिनमा समावेश गर्नुपर्ने विषयवस्तुहरु समावेश गर्दै लगिने व्यहोरा अनुरोध गर्न चाहन्छौं । अर्धवार्षिक कार्यसम्पादनको सन्दर्भमा सहयोग पुऱ्याउनुहुने जिल्ला स्थित राजनीतिक दल, जनप्रतिनिधिज्यूहरु, संचारकर्मी मित्रहरु, सुरक्षा निकायका प्रमुख एवं कार्यालय प्रमुखज्यूहरु, सहकर्मी कर्मचारी मित्रहरुनागरिक समाज, उद्योगी व्यापारी लगायतका जिल्लाका सम्पूर्ण नागरिकहरु एवं मन्त्रालयका माननीय मन्त्रीज्यू र श्रीमान् सचिवज्यूमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु ।


**Email: daorautahat@gmail.com, rautahat.dao@gmail.com, Website: daorautahat.moha.gov.np, Facebook : https://www.facebook.com/daorautahat**

# जिल्ला प्रशासन कार्यालय, रौतहट



कृष्ण बहादुर शाही
**प्रमुख जिल्ला अधिकारी**
**(सल्लाहकार)**

**सम्पादक समूह**



प्रलव कायस्थ
**प्रशासकीय अधिकृत**



मणिभुषण शाह
**प्रशासकीय अधिकृत**



रामस्वार्थ राय यादव
**नायब सुब्बा**



रामनरेश साह
**नायब सुब्बा**



संजय कुमार झा
**लेखापाल**



विनय कुमार मल्लिक
**कम्प्यूटर अपरेटर**

# विषयसूची


| | |
|---|---|
| १. रौतहट जिल्लाको परिचय | १ |
| क. भौगोलिक अवस्थिति | १ |
| ख. राजनैतिक विभाजन | १ |
| ग. धार्मिक/ऐतिहासिक/पदमार्ग/ पर्यटकीय क्षेत्र | २ |
| घ. धर्म (प्रतिशतमा) | २ |
| २. जिल्ला प्रशासन कार्यालय रौतहट: मुख्य कार्य तथा प्रयासहरु | ३ |
| क. जिल्ला प्रशासन कार्यालय, रौतहटबाट प्रवाह गरिने सेवा/कार्यहरु | ३ |
| २.१. शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धि कार्य | ३ |
| २.२. स्थानीय प्रशासन सम्वन्धी कार्य : | ३ |
| २.३. राहदानी सम्वन्धी कार्य | ४ |
| २.४.नागरिकता सम्वन्धी कार्य: | ४ |
| २.५.अर्ध न्यायिक कार्य | ४ |
| २.६.वजार अनुगमन/उपभोक्ता हित सम्बन्धि कार्य | ४ |
| २.७.विपद् व्यवस्थापन सम्वन्धी कार्य | ४ |
| २.८.अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी कार्य | ४ |
| २.९. विविध कार्य | ५ |
| ख. शाखा | ५ |
| ३. कर्मचारी दरवन्दी | ५ |
| ४. कार्यसम्पादन अवस्था | ६ |
| ५. जिल्ला प्रशासन कार्यालयबाट सुशासन/ सार्वजानिक सेवा प्रवाहका सम्वन्धमा भएका मुख्य/मुख्य प्रयासहरु; | ८ |
| ५.१ जिल्ला प्रशासन सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्यिवयन | ८ |
| ५.२ सेवाग्राहीहरुका लागि Wifi र शुद्व खानेपानी | ८ |
| ५.३ लैङ्गिक मैत्री शौचालय व्यवस्थापन | ८ |
| ५.४ प्रतिक्षालय | ८ |
| ५.५ कार्यालयका गतिविधिहरु Website, Facebook page, Twitter र SMS मार्फत नियमित रुपमा अद्यावधिक गर्ने गरिएको | ८ |
| ५.६ CCTV जडान तथा Networking/ड्रोन अनुमति | ९ |
| ५.७ सबै सरकारी कार्यालयहरुमा Fire Estinguisher जडानको प्रक्रिया शुरु | ९ |
| ५.८ Help Desk सञ्चालन | ९ |
| ५.९ SMS Alert system सञ्चालन | १० |
| ५.१० सबै सरकारी कार्यालयमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था | १० |
| ५.११ Digital Citizen Charter व्यवस्थापन | १० |
| ५.१२ बजार अनुगमन | १० |
| ५.१३ दाईजो प्रथा सम्बन्धी कार्यक्रम | ११ |
| ५.१४ मनसुन आपतकालीन कार्ययोजना/ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Recovery Plan-DPRP) २०७८ तर्जुमा, प्रकाशन, प्रवोधिकरण तथा कार्यान्वयन | ११ |
| ५.१५ शितलहरजन्य प्रकोपको पूर्व तयारी/प्रतिकार्यका लागि न्यानो कपडा(Blanket) वितरण तथा बाढी पिडितहरुलाई विभिन्न किसिमका राहत सामग्री वितरण | ११ |
| ५.१६ भारतीय समकक्षी संग बैठक सम्पन्न | १२ |
| ५.१७ वालयोन दुर्व्यवहार सम्बन्धी कार्यक्रम | १२ |
| ५.१८ प्रहरी र प्रशासनबीचको समन्वय र सहकार्य | १२ |
| ५.१९ एकद्वार प्रणालीबाट सेवा संचालन | १३ |
| ५.२० टोकन प्रणालीको व्यवस्था | १३ |

| | |
|---|---|
| ५.२१ कार्यालय परिसरमा CCTV जडान | १३ |
| ५.२२ नागरिक तथा सेवाग्राही पृष्ठपोषण, गुनासो सुनुवाई तथा सुझाव पेटीकाको व्यवस्था | १३ |
| ५.२३ नागरिक तथा सेवाग्राही पृष्ठपोषण, गुनासो सुनुवाई तथा सुझाव पेटीकाको व्यवस्था | १३ |
| ६. बेरुजु | १४ |
| ७. अनुगमन निरीक्षण | १४ |
| ८. सरकारी सवारी साधन सार्वजनिक विदामा चलाउन कडाई | १४ |
| ९. आगलगी परिवारलाई राहत वितरण | १४ |
| १०. सिमा स्तम्भ निरिक्षण | १४ |
| ११. कोरोना भाइरस (कोभिड-19) | १५ |
| १२. जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | १६ |
| १३. यस जिल्ला अन्तर्गत रहेका इलाका प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | १७ |
| १४. हालसम्म कार्यरत प्रमुख जिल्ला अधिकारीहरुको विवरण | १७ |
| १५. जिल्ला स्थित कार्यालय र कार्यालयहरुको सम्पर्क नम्बर | २१ |

## १. रौतहट जिल्लाको परिचय

### क. भौगोलिक अवस्थिति:

- क्षेत्र : तराई
- अक्षांश : २६.०४४’ देखि २७.१४’ उत्तरसम्म
- देशान्तर : ८५.१४’ देखि ८५.३०’ पूर्वसम्म
- सिमाना : पूर्व - सर्लाही
  पश्चिम - बारा
  उत्तर - मकवानपुर र सिन्धुली
  दक्षिण - भारत
- क्षेत्रफल : ११२६ वर्ग कि.मि. (१०३७०९ हेक्टर)
- लम्बाई :- सरदर ५१.२ कि.मी.

### ख. राजनैतिक विभाजन :

- प्रदेश : २ (दुई)
- स्थानीय तह : १६ नगरपालिका र २ गाँउपालिका

| सि.न. | गा.पा./न.पा.हरुको नाम | क्षेत्रफल (वर्ग कि मि) | जनसंख्या | केन्द्र |
|---|---|---|---|---|
| १ | गौर नगरपालिका | २१.५३ | ३४९३७ | गौर |
| २ | गरुडा नगरपालिका | ४४.४६ | ५०४८१ | गरुडा |
| ३ | चन्द्रपुर नगरपालिका | २४९.६ | ७२०५९ | चन्द्रनिगाहपुर |
| ४ | गुजरा नगरपालिका | १५०.३३ | ४६५९२ | सिमरा भवानीपुर |
| ५ | बृन्दावन नगरपालिका | ९५.४ | ४२७३५ | बिश्रामपुर |
| ६ | फतुवा विजयपुर नगरपालिका | ६५.२४ | ३६५३३ | लक्ष्मीनिया दो. |
| ७ | कटहरिया नगरपालिका | ४०.६९ | ३८४१३ | कटहरिया |
| ८ | मौलापुर नगरपालिका | ३४.७५ | २६४३१ | पतौरा |
| ९ | बौधीमाई नगरपालिका | ३५.३४ | ३६२६५ | सरमुजवा |
| १० | परोहा नगरपालिका | ३७.४५ | ३७४५३ | लौकाहा |
| ११ | राजपुर नगरपालिका | ३१.४१ | ४२५७४ | राजपुर फरहदवा |
| १२ | ईशनाथ नगरपालिका | ३५.१७ | ४१४३५ | औरैया |
| १३ | माधवनारायण नगरपालिका | ४८.५५ | ३५१७५ | माधोपुर |
| १४ | गढीमाई नगरपालिका | ४८.३७ | ४०४१० | समनपुर |
| १५ | देवाही गोनाही नगरपालिका | ३३.९९ | ३२१४३ | प्रेमपुर गोनाही |
| १६ | राजदेवी नगरपालिका | २८.२१ | ३१२९२ | राजदेवी |
| १७ | यमुनामाई गाउँपालिका | १६.०७ | २३८८४ | सरुअठा |
| १८ | दुर्गा भगवती गाउँपालिका | १९.०८ | २२५९९ | गंगा पिपरा |

- निर्वाचन क्षेत्र :४ प्रतिनिधि सभा ,८ प्रदेश सभा

- जिल्ला सदरमुकाम : गौर
- जनसंख्या : ६८६७२२, मध्ये महिला --३३५६४३ जना, पुरुस ३५१०७९ जना




## ग. धार्मिक/ऐतिहासिक/पदमार्ग/ पर्यटकीय क्षेत्र

- राजदेवी मन्दिर
- शिव नगर महादेव मन्दिर
- पौराई ब्रहमस्थान
- धनसर सिमसार क्षेत्र
- पुरेनवा दरवार
- नुनथर
- बरहवा ताल
- हजमिनिया दरवार

## घ. धर्म (प्रतिशतमा)

हिन्दु: ७७

मुस्लिम: २०

बौद्ध : २

अन्य : १

## २. जिल्ला प्रशासन कार्यालय रौतहट: मुख्य कार्य तथा प्रयासहरु

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति सुव्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने,नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धि कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, सार्वजानिक शान्ति विरुद्धका कसुरहरुमा अर्धन्यायिक निकायको रुपमा सुरु कार्वाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय एंव सहजीकरण गर्ने जिल्ला प्रशासन कार्यालय रौतहटका मुख्य मुख्य कार्यहरु हुन ।

**क. जिल्ला प्रशासन कार्यालय, रौतहटबाट प्रवाह गरिने सेवा/कार्यहरु :**

### २.१. शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धि कार्य:

- शान्ति सुरक्षा कायम गर्ने,
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदायस्तरसम्म सचेतीकरण गर्ने ,
- सुरक्षा निकायहरुको परिचालन गर्ने,
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरुसंग सहकार्य गर्ने,

### २.२. स्थानीय प्रशासन सम्वन्धी कार्य :

- संघ संस्था दर्ता, नविकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति तथा नियमन गर्ने,
- हातहतियार इजाजत, नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण गर्ने,
- विष्फोटक पदार्थ प्रयोगको इजाजत, नविकरण तथा नियमन गर्ने
- सार्वजानिक सम्पत्तिको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्ने
- सिमा तथा सिमा स्तम्भ निरिक्षण गर्ने र प्रतिवेदन पठाउने
- नाम, थर वा उमेर आदि प्रमाणित गर्ने
- नावालकको उमेर प्रमाणित गर्ने/नावालक परिचयपत्र प्रदान गर्ने
- दलित, आदिवासी, जनजाति सिफारिस/प्रमाणित गर्ने
- पत्रपत्रिका दर्ता गर्ने,
  - छापाखाना दर्ता गर्ने,
  - भारतीय तथा ब्रिटिस लाहुरेहरुको रहलपहल रकम तथा पेन्सन कागज सिफारिस
  - पारिवारिक विवरण प्रमाणित गर्ने,

**२.३. राहदानी सम्वन्धी कार्य:**

- राहदानी फाराम संकलन गर्ने,
- द्रुत सेवा अभिलेख प्रमाणित गर्ने,
- राहदानी वितरण गर्ने,
- MRP को विवरण संशोधन गर्न सिफारिश गर्ने

**२.४.नागरिकता सम्वन्धी कार्य:**

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण गर्ने,
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण गर्ने,
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण गर्ने,
- तात्विक फरक नपर्ने गरी थर, तथा जन्म मिति संशोधन गर्ने र SLC/SEE को शैक्षिक योग्यता र ना.प्र. प्रमाणपत्रमा उमेर फरक भएमा ना.प्र.प.को आधारमा शैक्षिक योग्यता प्रमाणपत्र संशोधन गर्न निर्णय पर्चा खडा गरी सिफारिश गर्ने।

**२.५.अर्ध न्यायिक कार्य:**

- सार्वजानिक शान्ति विरुद्वका कसुरहरुको सुरु कार्वाही तथा न्यायिक निर्णय गर्ने।
- विशेष ऐनमा मुद्दा हेर्ने अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी तोकिएका कसुरहरुमा सुरु कार्वाही तथा न्यायिक निर्णय गर्ने तथा अनुसन्धान अधिकृत तोक्ने

**२.६.वजार अनुगमन/उपभोक्ता हित सम्बन्धि कार्य:**

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति,पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन गर्ने।
- उपभोक्ता हित संरक्षणका लागि सचेतीकरण गर्ने।

**२.७.विपद् व्यवस्थापन सम्वन्धी कार्य:**

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक सञ्चालन तथा व्यवस्थापन गर्ने,
- विपद् जोखिम न्यूनिकरण तथा  व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन गर्ने/ गराउने,
- मनसुन आपतकालीन कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने/ गराउने,
- विपद् क्षती विवरण संकलन तथा विपद् पीडितहरुलाई राहत वितरण गर्ने र पुनर्स्थापना सम्बन्धी कार्य गर्ने।

**२.८.अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी कार्य :**

- अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरुको छानविन/विस्तृत अनुसन्धान तथा कार्वाही सम्वन्धी कार्य गर्न लेखि आए बमोजिम छानवीन गरी प्रतिवेदन पठाउने र कारवाही गर्न लेखि आएमा कारवाही गर्ने।

### २.९. विविध कार्य:

- घुम्ती सेवा तथा सार्वजिनक सुनुवाई गर्ने,
- छिमेकी जिल्लासंग समन्वय गर्न अन्तर जिल्ला समन्वय बैठक गरी समन्वय गर्ने,
- जिल्ला दररेट समितिको बैठक राखी दररेट निर्धारण गर्ने,
- जाहेरी दरखास्त प्रहरीले दर्ता नगरेकोमा सोको जाहेरी लिने,
- ढुंगा, गिट्टी र बालुवाको जथाभावी उत्खन्न भए/नभएको अनुगमन गर्ने,
- सार्वजनिक तथा गुठ्ठी जग्गाको चलअचल सम्पती संरक्षण गर्ने,
- SEE तथा अन्य परिक्षाको संचालन र अनुगमन सम्बन्धी कार्य गर्ने,
- विकास आयोजनाहरु कार्यान्वयनमा समन्वय गर्ने,
- स्थानीय तहसंग समन्वय गर्ने,
- जग्गा अधिग्रहण सम्बन्धी कार्य गर्ने,
- सरकारी निकायबाट हुने सार्वजानिक सेवा प्रवाहको अनुगमन गर्ने,
- कुनै कार्यालयको स्पष्ट जिम्मेवारीमा नपरेको अन्य कार्य समेत गर्ने,

### ख. शाखा

जिल्ला प्रशासन कार्यालयबाट कार्यविवरण अनुसारका कार्यहरु सम्पादन गर्नका लागि यस कार्यालयमा निम्नानुसारका शाखाहरुको व्यवस्था गरिएको छ ।

१. स्थानीय प्रशासन शाखा
२. मुद्दा तथा शान्ति सुरक्षा शाखा
३. नागरिकता तथा प्रतिलिपी शाखा
४. राहदानी शाखा
५. जिन्सी शाखा
६. दर्ता शाखा
७. लेखा शाखा
८. राष्ट्रिय परिचयपत्र शाखा

## ३. कर्मचारी दरवन्दी : दरवन्दी - ३३ जना (कार्यरत २७ जना)

| क्र.सं. | पद | दरवन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | | १ रिक्त |
| ३ | प्रशासकिय अधिकृत | ३ | १ | २ रिक्त |
| ३ | नायव सुव्वा | १० | ८ | २ रिक्त रहेकोमा लोक सेवामा मांग गरिएको |

| | | | | |
|---|---|---|---|---|
| ४ | लेखापाल | १ | १ | |
| ५ | कम्प्युटर अपरेटर | ३ | ३ | |
| ६ | खरिदार | ५ | ४ | १ रिक्त |
| ७ | हलुका सवारी चालक | २ | २ | |
| ८ | कार्यालय सहयोगी | ७ | ७ | |
| जम्मा | | ३३ | २७ | |

## ४. कार्यसम्पादन अवस्था

| क्र.सं. | सम्पादन गरे को काम | | २०७८ चैत्र महिनासम्मको जम्मा | बैशाख देखि असार महिनासम्मको | जम्मा | कै. |
|---|---|---|---|---|---|---|
| १ | नागरिकता वितरण | बंशज | १५८२० | २७४५ | १८५६५ | |
| | | वैवाहिक अंगिकृत | १२१५ | २०९ | १४२४ | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | | ५९८५ | ३१४८ | ९१३३ | |
| ३ | राष्ट्रिय परिचयपत्र | विवरण दर्ता | १२१९३ | ७५१४ | १९७०७ | |
| | | वितरण | ० | ० | ० | |
| ४ | राहदानी सिफारिस | साधारण सिफारिस | ३३१० | ३०७८ | ६३८८ | |
| | | द्रुत सिफारिस | १३३२ | २१ | १३५३ | |
| ५ | राहदानी वितरण | | २६४१ | ३३७३ | ६०१४ | |
| ६ | गुनासो वा ठाडो उजुरी | | ४४० | ४३७ | ८७७ | |
| ७ | नाम,थर उमेर आदि प्रमाणित | | ९३६ | ४८ | ९८४ | |
| ८ | नावालकको परिचयपत्र वितरण | | १२ | १५ | २७ | |
| ९ | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | | १ | १ | २ | |
| १० | संस्था दर्ता | | २९ | ३४ | ६३ | |
| ११ | संस्था नविकरण | | २८६ | ६२ | ३४८ | |
| १२ | संस्थाको विधान संशोधन | | २ | १ | ३ | |
| १३ | मधेशी, दलित,आदिवासी/जनजाती लगायत विविध सिफारिस | | ३१५८ | २६५ | ३४२३ | |
| १४ | पत्रपत्रिका दर्ता | | ६ | ५ | ११ | |
| १५ | हातहतियार नामसारी | | ८ | ४ | १२ | |
| १७ | हातहतियार नविकरण | | १२९ | २३ | १५२ | |

| क्र.सं. | सम्पादन गरे को काम | २०७८ चैत्र महिनासम्मको जम्मा | बैशाख देखि असार महिनासम्मको | जम्मा | कै. |
|---|---|---|---|---|---|
| १८ | विष्फोटक पदार्थ इजाजतपत्र | - | - | - | |
| १९ | विष्फोटक पदार्थ इजाजतपत्र नविकरण | - | - | - | |
| २० | सार्वजनिक अपराध/सार्वजानिक शान्ति विरुद्वका कसुर सम्वन्धी मुद्दा दर्ता | ३४७ | ८३ | ४३० | |
| २१ | सार्वजनिक अपराध/सार्वजानिक शान्ति विरुद्वका कसुर सम्वन्धी मुद्दा फर्छौट | ११४ | ७८ | १९२ | |
| २२ | एकीकृत घुम्ति सेवा शिविर | - | | | |
| २३ | बजार अनुगमन | ७ | २ | ९ | |
| २४ | विपद् राहत वितरण | ८,५०,०००।- | ९५,०००।- | ९,४५,०००।- | |
| २५ | स्वास्थ्य सुविधा सहितको सार्वजानिक सेवा वितरण | - | - | - | |
| २६ | **बैठक संचालन** | | | | |
| | जिल्ला सुरक्षा समिति | ३१ | १५ | ४६ | |
| | कार्यालय प्रमुख | ८ | १ | ९ | |
| | सूचना अधिकारी | २ | २ | ४ | |
| | विपद् व्यवस्थापन समिति | ६ | २ | ८ | |
| | अन्य बैठक समेत | २४ | ४ | २८ | |
| २७ | **राजश्व संकलन** | | | | |
| | राहदानी | १,७३,५७,५००।- | १३५७२५००।- | ३०९३००००।- | |
| | संघसंस्था दर्ता/नविकरण | ५,९४,२५०।- | २२८५००।- | ८२२७५०।- | |
| | हातहतियार दर्ता/नविकरण | ९,२४,०७५।- | ७९४००।- | १००३४७५।- | |
| | प्रशासनिक दण्ड, जरिवाना र जफत | २,२५,६००।- | ३३१००।- | २५८७००।- | |
| | परिक्षा शुल्क | १५,६००।- | - | १५६००।- | |
| | बेरुजु | - | - | - | |
| २८ | **कार्यालयको खर्च विवरण** | | | | |
| | पूजीगत तर्फ | २९,२६,२६४।- | ३२१५६९८।- | ६,१४१,९६२।०० | |
| | चालु तर्फ | १,३६,१३,३३४।४० | ६४,१०,८९२।३० | २०,०२४,२२६।७० | |

५. **जिल्ला प्रशासन कार्यालयबाट सुशासन/ सार्वजानिक सेवा प्रवाहका सम्वन्धमा भएका मुख्य/मुख्य प्रयासहरु;**

**५.१ जिल्ला प्रशासन सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्यवयन**

नेपाल सरकार, गृह मन्त्रालयबाट जारी गरिएको **गृह प्रशासन सुधार कार्ययोजना, २०७४** तथा समय समयमा प्राप्त अन्य निर्देशन अनुसार कार्य भइरहेको र प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयसंग आवश्यक समन्वय भई कार्य भइरहेको। जिल्लामा शान्ति सुरक्षा व्यवस्था, सार्वजानिक सेवा प्रवाह/सुशासन, सूचना प्रविधिमा आधारित जिल्ला प्रशासन, जनशक्ति व्यवस्थापन, विपद जोखिम न्यूनिकरण तथा क्षमता अभिवृद्धि, अनुशासन र सदाचारिता, सामाजिक अपराध न्यूनीकरण लगायतका विषयहरुमा विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने गरी सरोकारवाला व्यक्ति, पदाधिकारी तथा निकायहरु (*कर्मचारी/आधिकारीक ट्रेड युनियन, विषयगत कार्यालयहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, नागिरक समाज, राजनैतिक दल लगायत*) को राय सुझाव समेतका आधारमा कार्ययोजना तर्जुमाको क्रममा रहेको छ।

**५.२ सेवाग्राहीहरुका लागि Wifi र शुद्ध खानेपानी**



सेवाग्राही मैत्री कार्यालय वातावरण सिर्जनाका लागि २०७५ भदौ मसान्तदेखि कार्यालय परिसर भित्र Free Wifi तथा शुद्ध खानेपानीको व्यवस्था मिलाईएको छ। सेवाग्राहीहरुले सेवा प्राप्तिको क्रममा गर्नुपर्ने प्रतिक्षाको समय व्यवस्थापनका लागि उक्त सेवाहरु प्रयोग गर्ने गरेका छन्।

**५.३ लैङ्गिक मैत्री शौचालय व्यवस्थापन**

कार्यालयमा पुरुष तथा महिला सेवाग्राहीहरुको लागि छुट्टा छुट्टै सफा तथा पर्याप्त पानीको सुविधा सहितको शौचालयको व्यवस्था गरिएको छ।

**५.४ प्रतिक्षालय**

कार्यालय परिसरमा रहेको प्रतिक्षालय भित्र सेवा प्राप्तिका लागि आवश्यक पर्ने सूचना, फारम, निवेदन लेख्नका लागि कागज, कलम, स्ट्याम्प प्याड लगायतका सामाग्रीहरु व्यवस्थापन गरिएको छ।

**५.५ कार्यालयका गतिविधिहरु Website, Facebook page, Twitter र SMS मार्फत नियमित रुपमा अद्यावधिक गर्ने गरिएको:**

कार्यालयका सम्पूर्ण गतिविधिहरु,मासिक प्रगति,सूचना, जानकारीहरुलाई कार्यालयको Web site , Facebook page(daorautahat), Twitter (@daorautahat) र SMS (MoHA) मार्फत नियमित रुपमा अद्यावधिक गरी सार्वजानिक गर्ने गरिएको छ। जसबाट सेवाग्राहीहरुको सुचनाको हक कार्यान्वयनमा सुनिश्चित भएको छ।

जिल्ला प्रशासन कार्यालयका साथै जिल्लामा रहेका सबै सरकारी कार्यालयहरुको **Website**, facebook पेज सञ्चालन मा रहेको छ ।




## ५.६ CCTV जडान तथा Networking/ड्रोन अनुमति

सामाजिक अपराध, अवैध चोरी पैठारी, अवैध वस्तुको ओसारपसार, सडक दुर्घटना लगायतका गतिविधिहरु न्यूनिकरण गरी जिल्लामा शान्ति सुरक्षा र अमनचयन कायम गर्नका लागि गौर वि.पि. चौक देखि भन्सार नाका सम्म CCTV जडान गरी सम्बन्धित प्रहरी चौकीहरुमा Networking गर्नका लागि स्थानीय तहसंगको अनुरोधमा जडान कार्य भइसकेको छ ।

## ५.७ सबै सरकारी कार्यालयहरुमा Fire Extinguisher जडानको प्रक्रिया शुरु

रौतहट जिल्ला आगलागीको दृष्टिले संवेदनशील क्षेत्र भएतापनि अग्नी नियन्त्रक उपकरणको अभाव भएकोले हरेक सरकारी कार्यालयले कम्तिमा १/१ वटा Fire Extinguisher जडानका लागि प्रक्रिया शुरु गरि सकिएको छ । साथै स्थानीय तह अन्तर्गत सरकारी कार्यालयहरुमा साथै बजार क्षेत्र,बैक वित्तीय संस्था,होटल तथा ठूला व्यवसायिक भवन हरुमा कम्तिमा १/१ वटा उच्च क्षमताका Fire Extinguishers राख्ने कार्य सुरुवात भएको छ ।

## ५.८ Help Desk सञ्चालन

कार्यालयबाट प्रवाह हुने सेवा प्राप्तिको प्रक्रियाका वारेमा सेवाग्राहीहरुलाई सहयोग गर्ने साथै निवेदन, फारमहरु (फारम भर्न विशेषज्ञता आवश्यक पर्ने बाहेक जस्तै;लिखत/राहदानी) Help Desk बाटै लेख्ने/भर्ने व्यवस्था मिलाईएको छ । साथै जिल्लाका सवै सरकारी कार्यालयहरुमा सो को व्यवस्थापनका लागि अनुरोध गरिएको छ ।

## ५.९ SMS Alert system सञ्चालन

विपद सम्बन्धि घटनाको जानकारी यथाशिघ्र सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु, माननीय सभासदज्यूहरु, जिल्ला स्थित राजनैतिक दलका प्रमुखहरु, स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, सरकारी कार्यालयका प्रमुख, स्थानीय प्रहरी चौकीका प्रमुख तथा पत्रकारहरुलाई एकैपटक गराइदै आएको छ । जसवाट जिल्लामा घटेका विपद्का घटनाहरुको वारेमा सरोकारवालाहरुलाई जानकारी हुनुका साथै विपद् पूर्वतयारी,प्रतिकार्य तथा पुनर्लाभको जिम्मेबारी पाएका सरकारी निकाय तथा गैरसरकारी निकायहरुलाई आफ्नो तयारी तथा सतर्क रहन सहयोगी भएको छ । विपद् सम्बन्धि सन्देश बाहेक का क्षेत्रहरुमा समेत यो व्यवस्था कार्यान्वयन गरिएको छ ।

## ५.१० सबै सरकारी कार्यालयमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था

जिल्लास्थित सबै सरकारी कार्यालयहरुबाट आफ्नो कार्यालयसग सम्बन्धित सूचना सम्प्रेषण गर्नका लागि जिम्मेबार कर्मचारीलाई सूचना अधिकृत तोकीएको छ ।

## ५.११ Digital Citizen Charter व्यवस्थापन

जिल्ला प्रशासन कार्यालयले प्रवाह गर्ने सेवा, मापदण्ड लगायत यस जिल्लाको धार्मिक, पर्यटकिय क्षेत्रहरु, सामाजिक अपराध सम्बन्धि जानकारीमूलक श्रब्य दृष्य सामाग्रीहरु **Digital Citizen Charter** मार्फत प्रशारण गर्ने तयारी भइ रहेको छ ।

## ५.१२ बजार अनुगमन

खाद्यान्न,औषधी तथा दैनिक उपभोग्य वस्तु तथा सेवाहरुको सरल र सहज आपूर्ति, गुणस्तर र लागतलाइ जनअपेक्षित तुल्याउन स्थानीय तहहरुको समन्वयमा नियमित रुपमा वजार अनुगमन भैरहेको छ ।





**५.१३ सडक दुर्घटना सम्वन्धी बिषयमा केन्द्रित भई जनचेतना मुलक कार्यक्रम -**



"समुदाय-प्रहरी साझेदारी"(Community-Police Partnership) कार्यक्रम अन्तर्गत देवाह्यी गोनाही नगरपालिका वडा नं. ८ स्थित मिति २०७९।०२।१५ गतेका दिन सोही वडाका स्थानिय जन प्रतिनिधी,ई-रिक्सा कमिटीको पदाधिकारीहरु,महिला,पुरुष, सवारी साधन चलाउने चालक,सह-चालकबालबालिकाहरुको समेतको सहभागितामा रौतहट जिल्लाको निम्न स्थानमाहरुमा ट्राफिक नियम तथा सडक दुर्घटना न्यूनिकरण, सवारी दुर्घटना न्यूनिकरण, सामाजिक संजालको दुरुपयोग, महिला हिंसा न्यूनिकरण, सम्बन्धी अन्तरक्रिया एंव जनचेतनामूलक कार्यक्रमहरु संचालन भएको ।

**५.१४ मनसुन आपतकालीन कार्ययोजना/ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Recovery Plan-DPRP) २०७८ तर्जुमा, प्रकाशन, प्रवोधिकरण तथा कार्यान्वयन:**

जिल्ला विपद् व्यवस्थापन समिति रौतहटबाट **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना(Disaster Preparedness and Response Plan) रौतहट २०७८** स्वीकृत भइ कार्यान्वयन भईरहेको छ । उक्त योजनामा मूलत: रौतहट जिल्लामा देखा पर्ने विपद्का सबै क्षेत्रहरु (बाढी, असीनापानी, हावाहुरी, आगलागी, शितलहर, वन्यजन्तु आक्रमण लगायत) को पूर्वतयारी तथा प्रतिकार्य गर्ने गरी क्रियाकलाप समावेश गरिएको, विपद् व्यवस्थापनका लागि सवै गैसस, निजी क्षेत्रले समेत लागत साझेदारी गर्नुपर्ने व्यवस्था गरिएको, विपद व्यवस्थापन अन्तर्गत पूर्वतयारीका कार्यहरुलाइ विशेष जोड दिने साथै स्थानीय तहबाट विपद् व्यवस्थापनका कार्यहरुलाइ प्रभावकारी वनाउने सम्बन्धमा विभिन्न क्रियाकलापहरु समावेश गरिएको छ ।

**५.१५ शितलहरजन्य प्रकोपको पूर्व तयारी/प्रतिकार्यका लागि न्यानो कपडा(Blanket) वितरण तथा बाढी पिडितहरुलाई विभिन्न किसिमका राहत सामग्री वितरण**

Disaster Preparedness and Response Plan (DPRP) अनुसार शितलहर, असिना पानी, हावाहुरी जन्य प्रकोपबाट प्रभाव पर्न सक्ने क्षेत्रका विपन्न परिवारहरुलाई न्यानो कपडा (Blanket) वितरण गर्ने योजना अनुसार स्थानीय तहहरुका अति विपन्न घरपरिवारलाई न्यानो कपडा (Blanket) शितलहर प्रकोप प्रतिकार्यका लागि वितरण गरिएको छ ।





### ५.१६ विपद संग सम्वन्धित कृत्रिम घटना अभ्यास तथा तालिम - Simulation and Drill

मिति २०७९।०३।१३ गतेका दिन गौर नगरपालिका वडा नं. ५ स्थित रहेका बरहवा तालमा प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाही, गौर नगरपालिकाका नगर प्रमुख शम्भु साह, प्रहरी उपरिक्षक विनोद घिमिरे, सशस्त्र प्रहरी उपरिक्षक ध्रव बहादुर कार्की, सेनानी प्रकाश कुमार गिरी, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधी, पत्राकार महासंघ, संघसंस्थाहको उपस्थितिमा विपद् संघ सम्बन्धित कृतिम घटना अभ्यास तथा तालिम सम्पन्न गरिएको। उक्त अभ्यास कार्यक्रममा नेपाली सेनाका ३२ जना, नेपाल प्रहरीका १२ जना र सशस्त्र प्रहरी वल नेपालका ३० जना सुरक्षाकर्मीले कृत्रिम अभ्यास गरेका थिए।






### ५.१७ भारतीय समकक्षी संग बैठक सम्पन्न

रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरुको भारतीय समकक्षीहरु वीच आवश्यकता अनुसार मौखिक रुपमा समन्वय हुने गरेको। दुई देशका स्थानीय अधिकारीहरुवीच भारतमा सबै नेपालीहरुलाई सहज प्रवेश अनुमति, सीमाजन्य आपराधिक गतिविधि न्यूनिकरण, सून लगायतका अवैध वस्तुहरुको चोरी तस्करी नियन्त्रण, लगायतका पारस्पारिक हितका विषयमा प्रहरी र सशस्त्र प्रहरीसंग कुराकानी हुने गरेको।

### ५.१८ ज.क. अपराध न्यूनिकरण सम्बन्धी कार्यक्रम



सामुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत मिति २०७८।०८।१९ गते अं १४:३५ बजेको चन्द्रपुर न.पा. १० कृष्ण माद्यामिक विद्यालयमा अध्यनरत छात्र/ छात्रा तथा स्थानिय जनप्रतिनिधी, भद्रभलादमी समेत ३४ जना मानिहरूको उपस्थितमा ज.क.अपराध न्यूनिकरण सम्वन्धी जनचेतना मुलक कार्यक्रम गरी समापन भएको।

**५.१९ प्रहरी र प्रशासनबीचको समन्वय र सहकार्य**

आवश्यकता हेरी जिल्ला स्थित जिल्ला प्रहरी कार्यालय तथा अन्य सुरक्षा निकायहरुसंग समन्वय तथा सहकार्य गरी जिल्लाको शान्ति सुरक्षाको अवस्था चुस्त दुरुस्त राख्ने, विभिन्न अपराधिक क्रियाकलापहरु नियन्त्रण गर्ने, नागरिकको जिउ धनको सुरक्षा, राजमार्ग सुचारु, राहत तथा उद्धार सम्बन्धी कार्यहरु आदि गर्ने गरिएको छ।

**५.२० एकद्वार प्रणालीबाट सेवा संचालन**

सेवाग्राहीहरुलाई सेवा लिँदा सहजहोस् भन्ने हेतुले कार्यालयका दैनिक प्रकृतिका कार्य तथा सेवाहरु एकद्वार प्रणालीबाट प्रदान गर्न थालिएको छ।

**५.२१ टोकन प्रणालीको व्यवस्था**

सेवा प्रवाहलाई विवाद रहित तथा First come first service भन्ने सिद्धान्तको आधारमा बृद्ध, गर्भवती, अशक्त, महिला तथा बालबालिका बाहेकका सेवाग्राहीलाई टोकन प्रणाली मार्फत सेवा प्रदान गर्ने गरिएको छ। तर बृद्ध, गर्भवती, महिला तथा बालबालिका, अशक्तहरुलाई विषेश प्राथमिकताका साथ सेवा प्रदान गर्ने गरिएको छ।

**५.२२ कार्यालय परिसरमा CCTV जडान**

कार्यालय सुरक्षाको लागि तथा बिचौलीहरुमा माथि निगरानी गर्न कार्यालय परिसरमा १६ थान CCTV क्यामेरा जडान गरिएको।



**५.२३ नागरिक तथा सेवाग्राही पृष्ठपोषण, गुनासो सुनुवाई तथा सुझाव पेटीकाको व्यवस्था**

विभिन्न प्रकृतिका सेवा लिन यस कार्यालयमा आउने सेवाग्राहीबाट दैनिक रुपमा सेवा प्रवाह, कार्यालयको लेआउट, कर्मचारीको व्यवहार, कार्यालय परिसर आदिको विषयका पृष्ठपोषण लिने गरिएको, सेवाग्राहीबाट आउने विभिन्न निवेदन तथा उजुरीको सम्बन्धित निकाय तथा पक्षसंग समन्वय तथा सहकार्य गरी समाधान गर्ने गरिएको साथै गोप्य रुपमा गुनासो तथा उजुरी राख्नको लागि कार्यालयमा सुझाव पेटिकाको व्यवस्था गरी साप्ताहिक रुपमा सामुहिक रुपमा सुझाव पेटीका खोली सो सम्बन्धी गुनासो तथा उजुरीको सुनुवाई गर्ने गरिएको छ। साथै कार्यालय परिसरभित्र हुलाक टिकट काउण्टरको व्यवस्था मिलाइएको।

६. **बेरुजु :** आ.व. २०७७/०७८ सम्म रहेको बेरुजु फछर्यौट भईसकेको ।

७. **अनुगमन निरिक्षण :**

जिल्ला अनुगमन तथा मूल्यांकन समितिद्वारा गौर नगरपालिका, कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल तथा पशु सेवा केन्द्र, इलाका प्रशासन कार्यालय चनद्रनिगाहपुर, इलाका प्रशासन कार्यालय गरुडा, मालपोत कार्यालय गरुडा, नापी कार्यालय गरुडा, चन्द्रपुर नगरपालिका, गरुडा नगरपालिका, इलाका प्रहरी कार्यालय गरुडा, कारागार कार्यालय रौतहटका साथै विभिन्न प्रहरी चौकीहरुको अनुगमन निरिक्षण गरिएको । कार्यालय सरसफाई, उजुरी पेटी, नागरिक वडापत्र नरहेको कार्यालयहरुमा राख्न साथै समय समयमा सार्वजनिक सुनुवाई गर्न निर्देशन दिइएको ।

८. **सरकारी सवारी साधन सार्वजनिक विदामा चलाउन कडाई :**

जिल्ला स्थित सरकारी तथा अर्धसरकारी निकायले सवारी साधन सार्वजनिक विदाको दिन चलाउदा कार्यालयको कामकाज सहितको पत्र अनिवार्य जिल्ला प्रशासन कार्यालयमा पेश गरी अनुमति लिएर मात्र चलाउन पाउने व्यवस्था कार्यान्वयन भइरहेको छ । यसबाट सरकारी तथा अर्धसरकारी कार्यालयका सवारी साधन दुरुपयोग हुने अवस्था रोकिएको छ भने अर्को तर्फ सार्वजनिक निकायको कार्यालय सन्चालन खर्च घटेको छ ।

९. **आगलगी परिवारलाई राहत वितरण :**

आगलगीबाट पिडित घरपरिवारहरुलाई समय समयमा राहत उपलब्ध गराउने गरिएको ।

**१०.सिमा स्तम्भ निरिक्षण :**

नेपाल-भारतसंग ईशनाथ नगरपालिका वडा नं. १ बन्जरहा स्थित जोडिएको सिमामा दशगजाको अनुगमन गरिएको ।





## ११.कोभिड-१९ को अवस्था

जिल्ला प्रशासन कार्यालय, रौतहट

कोभिड-१९ नयाँ भेरियान्ट सम्बन्धि दैनिक प्रतिवेदन

मिति : २०७९/०३/३२, ५ बजे

परीक्षणको अवस्था

| विवरण | PCR विधि | | | Antigen विधि | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संकलन | +ve | -ve | संकलन | +ve | -ve | संकलन | +ve | -ve |
| हिजोसम्मको | ७६९८ | १३५६ | ६३४२ | १२३९ | १९१ | १०४८ | ८९३७ | १५४७ | ७३९० |
| पछिल्लो २४ घण्टाको | ४ | १ | ३ | ० | ० | ० | ४ | १ | ३ |
| हालसम्मको | ७७०२ | १३५७ | ६३४५ | १२३९ | १९१ | १०४८ | ८९४१ | १५४८ | ७३९३ |

जिल्लामा स्वास्थ्य पूर्वाधारको अवस्था

| विवरण | सरकारी | निजी |
|---|---|---|
| अस्पताल | २ | ३७ |
| कोभिड अस्पताल | ८ | ० |
| आकस्मिक कक्ष बेड | ० | ३३ |
| साधारण बेड | ४० | ४६४ |
| कोभिड अस्पताल बेड | ११० | ० |
| HDU | १५ | ० |
| ICU | १० | १४ |
| Ambulance | ११ | ५१ |
| Oxygen Cylinder | ७३ | १२५ |
| नियन्त्रणमा लिन सकिने Oxygen Cylinder - १९८ | | |

सक्रिय संक्रमित र उपचार सम्बन्धि विवरण

| विवरण | | PCR Test Posotive | | | Antigen Test Positive | जम्मा |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | |
| हिजोसम्मको सक्रिय संक्रमित | | ० | ० | ० | ० | ० |
| पछिल्लो २४ घण्टामा थप संक्रमित संख्या | | ० | १ | १ | ० | १ |
| क. Contact Tracing - | ० | | | | | |
| ख. New Case - | १ | | | | | |
| पछिल्लो २४ घण्टाको निको (Follow up -ve) भएको | | | | | | |
| १४ दिन संक्रमण पुष्टि पुरा भई हाल लक्षण नदेखिएको निको भएको व्यक्तिहरुको संख्या | | | | | | ० |
| पछिल्लो २४ घण्टामा संक्रमित मृत्यु संख्या | | | | | | ० |
| आज जिल्लाको कुल सक्रिय संक्रमित | | | | | | १ |

| विवरण | संख्या |
|---|---|
| आजसम्मको संक्रमित संख्या | १५४८ |
| आजसम्म निको भएको संख्या | १४९३ |
| आजसम्मको संक्रमित मृत्यु संख्या | ५४ |
| आज जिल्लाको कुल सक्रिय संक्रमित संख्या | १ |
| होम आइसोलेशनमा रहेका | १ |
| साधारण उपचारमा रहेका | ० |
| HDU/ICU मा रहेका | ० |
| Ventilator मा रहेका | ० |
| जिल्ला बाहिर उपचारमा रहेका | ० |

| कोभिड अस्पताल | बिरामी संख्या |
|---|---|
| गौर अस्पताल | ० |
| गौर नर्सिङ्ग | ० |
| शहिद पार्क | ० |
| परोहा अस्पताल | ० |
| डुमरिया हेल्थ पोष्ट | ० |
| चन्डिया हे.पो. | ० |
| धरहरी स्कूल | ० |
| नगर अस्पताल भवन फ. वि. | ० |
| प्रा. स्वास्थ्य केन्द्र गंगापिपरा | ० |
| प्रा. स्वास्थ्य केन्द्र बौधीमाई | ० |

संक्रमितको मृत्यु सम्वन्धि विवरण

| विवरण | यस जिल्लामा मृत्यु | अन्य जिल्लामा मृत्यु | जम्मा |
|---|---|---|---|
| हिजोसम्मको | ५४ | ६५ | ११९ |
| पछिल्लो २४ घण्टाको Report प्राप्त | ० | ० | ० |
| आज सम्मको | ५४ | ६५ | ११९ |

कोभिड खोप सम्वन्धी विवरण

| | |
|---|---|
| पहिलो डोजको खोप लगाएको | ३१४१४६ |
| दोस्रो डोजको खोप लगाएको | २२८२५८ |

सीमा नाकावाट नेपाल प्रवेश गर्नेको विवरण

| विवरण | गौर |
|---|---|
| हिजोसम्म प्रवेश गरेको | ५८ |
| पछिल्लो २४ घण्टा भित्र प्रवेश गरेका | ० |
| जम्मा | ५८ |

स्थानीय तह अनुसार हाल सक्रिय संक्रमित

| सि.नं. | पालिकाको नाम | संख्या | सि.नं. | पालिकाको नाम | संख्या | सि.नं. | पालिकाको नाम | संख्या | सि.नं. | पालिकाको नाम | संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गौर न.पा. | १ | ६ | परोहा न.पा. | ० | ११ | देवाही गोनाही न.पा. | ० | १६ | राजदेवी न.पा. | ० |
| २ | चन्द्रपुर न.पा. | ० | ७ | बौधीमाई न.पा. | ० | १२ | गुजरा न.पा. | ० | १७ | यमुनामाई न.पा. | ० |
| ३ | गरुडा न.पा. | ० | ८ | मौलापुर न.पा. | ० | १३ | बृन्दावन न.पा. | ० | १८ | दुर्गाभगवती गा.पा. | ० |
| ४ | ईशनाथ न.पा. | ० | ९ | कटहरिया न.पा. | ० | १४ | गढीमाई न.पा. | ० | १९ | अन्य जिल्लाको | ० |
| ५ | राजपुर न.पा. | ० | १० | फतुवा विजयपुर न.पा. | ० | १५ | माधवनारायण न.पा. | ० | २० | अन्य मुलुकको | ० |

## १२.जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| सि नं | नामथर | पद | शाखा | मोवाइल नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर शाही | प्रजिअ | | ९८५५०३७७७७ | |
| २ | श्री मणिभुषण शाह | प्र.अ. | | ९८५१३३३४९२ | |
| ३ | श्री संजय कुमार झा | लेपा | लेखा | ९८५५०४४५७२ | |
| ४ | श्री रामनरेश साह | ना.सु. | प्रशासन | ९८४१९७९४६० | |
| ५ | श्री छोटेलाल साह | ना.सु. | नयाँ नागरिकता | ९८४५८९३२९१ | |
| ६ | श्री राजेश राय यादव | ना.सु. | राहदानी | ९८४५१७०२४५ | |
| ७ | श्री मुसहरु पासमान | ना.सु. | नयाँ नागरिकता | ९८१९९९२७४१ | |
| ८ | श्री मुकेश राय | ना.सु. | नागरिता प्रतिलिपी | ९८१४८७८५३३ | |
| ९ | श्री बसन्ता घिमिरे | ना.सु. | नयाँ नागरिकता | | |
| १० | श्री ज्ञानेन्द्र पटेल | ना.सु. | नयाँ नागरिकता | | |
| ११ | श्री विनय कुमार मल्लिक | क.अ. | प्रशासन | ९८४५१२२३६३ | |
| १२ | श्री कृष्णा बैठा | क.अ. | नयाँ नागरिकता | ९८४५१६२१९६ | |
| १३ | श्री सर्विन्द्र साह | क.अ. | प्रतिलिपी नागरिकता | ९८०९२७८४२३ | |
| १४ | श्री गुन्जन कर्ण | दर्ता अपरेटर | राष्ट्रिय परिचयपत्र तर्फ | ९८६६११०५३२ | |
| १५ | श्री प्रकाश कुमार साह | दर्ता अपरेटर | राष्ट्रिय परिचयपत्र तर्फ | ९८४५५७९८०३ | |
| १६ | श्री सत्रुधन दास | कार्यालय सहायक | राष्ट्रिय परिचयपत्र तर्फ | ९८४४३९१८४५ | |
| १७ | श्री अनिल कुमार मण्डल | खरिदार | मुद्दा | ९८४५५०३३७२ | |
| १८ | श्री सतेन्द्र कुमार दास | खरिदार | प्रतिलिपी नागरिकता | ९८६५०९५१८८ | |
| १९ | श्री उमेश प्रसाद | खरिदार | मुद्दा | ९८४८४४९३१५ | |
| २० | श्री लक्ष्मी बैठा | ह.स.चा. | | ९८६५१३०६५८ | |
| २१ | श्री गौरी शंकर साह | ह.स.चा. | | ९८६२२१५५०० | |
| २२ | श्री हरि चौधरी | कास | नयाँ नागरिकता | ९८४५१६२६५५ | |
| २३ | श्री रामसागर केशरी | कास | नयाँ नागरिकता | ९८४५०४०५६४ | |
| २४ | श्री नागेन्द्र झा | का.स. | दर्ता चलानी | ९८४५१३३५६३ | |
| २५ | श्री हरेन्द्र कुमार सिंह | का.स. | प्रतिलिपी नागरिकता | ९८४५५७९६८४ | |
| २६ | श्री बब्लु कुमार साह | का.स. | मुद्दा | ९८०९२०८१९९ | |
| २७ | श्री इन्द्र जंग राइ | का.स. | | ९८४५४१४९६८ | |

## १३.यस जिल्ला अन्तर्गत रहेका इलाका प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

- **चन्द्रनिगाहपुर ईलाका प्रशासन कार्यालय**

| क्र.सं. | नाम,थर | पद | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | गणेश नेपाली | उपसचिव | | ९८५५०४१६१४ |
| २ | मनिष झा | शाखा अधिकृत | रौतहट | ९८६१७२९९२४ |
| ३ | खड्क प्रसाद काफ्ले | ना.सु. | लालबन्दी, सर्लाही | ९८४४०४२४५२ |
| ४ | रमिता माझी | ना.सु. | | |
| ५ | पन्चान्न चौधरी | क.अ. | | ९८६१५७७६१० |
| ६ | भैरव बहादुर खत्री | का.स. | रौतहट | ९८४५८७६५६६ |
| ७ | रुद्र बहादुर खत्री | का.स. | रौतहट | ९८०९११८९९२ |
| ८ | शिव हरि दहाल | का.स. | रौतहट | |
| ९ | कमलेश चौधरी | ह.स.चा. | रौतहट | ९८४५७१३४८९ |

- **गरुडा ईलाका प्रशासन कार्यालय, गरुडा**

| क्र.सं. | नाम,थर | पद | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | रामस्वार्थ राय यादव | का.मु.शा.अ. | मौलापुर न.पा. | ९८५५०४२१२६ |
| २ | उपेन्द्र साह | ना.सु. | रौतहट | ९८५५०३६१२२ |
| ३ | साकार भट्टराई | ना.सु. | महोत्तरी | |
| ४ | दिपक खनाल | ना.सु. | मकवानपुर | |
| ५ | लभ कुमार झा | क.अ. | रौतहट | ९८४५१६२१९६ |
| ६ | अवधेश कुमार यादव | का.स. | गरुडा न.पा. -१, रौतहट | ९८६१४७००९१ |
| ७ | मन्जु कार्की | का.स. | गौर न.पा.-५, रौतहट | ९८४५३८७३२९ |

## १४. हालसम्म कार्यरत प्रमुख जिल्ला अधिकारीहरुको विवरण

| सि न | नाम थर | कार्यरत अवधि | | फोटो |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | बबुअन ठाकुर | २०२४ साल | | उपलब्ध हुन नसकेको |
| २ | इश्वरी प्रसाद राज भण्डारी | २०२६ चैत्र | २०२८ असाढ | ,, |
| ३ | लखनलाल अमात्य | २०२८-४-१ | २०२८-७-१ | ,, |
| ४ | चन्द्रिकानन्द खरेल | २०२८-७-३० | २०३२ साल | ,, |
| ५ | भुवनमान कायस्थ | २०३३ साल | २०३४ साल | ,, |

| सि न | नाम थर | कार्यरत अवधि | | फोटो |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| ६ | बद्रीनाथ शर्मा पौडेल | २०३४ साल | २०३५ साल | ,, |
| ७ | सुशील कान्त झा | २०३५ साल | २०३७ साल | ,, |
| ८ | दान बहादुर शाही | २०३८-९-२१ | २०३९-६-२७ | ,, |
| ९ | रामचन्द्र उपाध्याय | २०३९-७-१६ | २०४०-११-३ | ,, |
| १० | पुष्प प्रसाद लुईटेल | २०४०-११-१५ | २०४२-६-३० | ,, |
| ११ | कृष्ण प्रसाद शर्मा | २०४२-७-१ | २०४४-६-३० | ,, |
| १२ | धनबहादुर बस्नेत | २०४५-१-२७ | २०४७-३-१७ | ,, |
| १३ | बासुदेव खनाल | २०४५-५-१२ | २०४८-४-६ | ,, |
| १४ | गणेश प्रसाद भट्टराई | २०४८-८-८ | २०४९-९-३ | ,, |
| १५ | रामबहादुर खड्का | २०४९-९-८ | २०५१-१-१० | ,, |
| १६ | ललितबहादुर थापा | २०५१-१-१३ | २०५१-११-४ | ,, |
| १७ | टिकाराम अर्याल उपाध्याय | २०५१-११-५ | २०५२-२-४ | ,, |
| १८ | कृष्ण प्रसाद अधिकारी | २०५२-२-१३ | २०५३-६-१३ | ,, |
| १९ | टिकाराम अर्याल उपाध्याय | २०५३-६-१४ | २०५३-११-६ | ,, |
| २० | आत्मा राम पाण्डे | २०५३-११-१७ | २०५३-१२-३० | ,, |
| २१ | पुण्य प्रसाद न्यौपाने | २०५४-१-१ | २०५४-७-२५ | ,, |
| २२ | वामन प्रसाद न्यौपाने | २०५४-९-१६ | २०५४-१०-२२ | ,, |
| २३ | स्थानेश्वर देवकोटा | २०५४-१०-२४ | २०५४-१२-११ | ,, |
| २४ | ध्रुवराज वाग्ले | २०५४-१२-१२ | २०५५-१०-५ | ,, |
| २५ | इश्वरनारायण पाण्डे | २०५५-१०-६ | २०५६-३-२४ | ,, |
| २६ | मोहन सिंह खत्री | २०५६-३-२९ | २०५६-६-२४ | ,, |
| २७ | चन्द्रबहादुर कार्की | २०५६-६-२५ | २०५७-३-११ | ,, |
| २८ | आनन्दराज पोखरेल | २०५७-३-१२ | २०५८-३-१ | ,, |
| २९ | दयाराम शर्मा | २०५८-३-१८ | २०५८-११-२७ | ,, |
| ३० | नरेन्द्र राज पौडेल | २०५८-१२-४ | २०६०-७-३० | ,, |
| ३१ | मोहन प्रसाद आचार्य | २०६०-८-१० | २०६१-८-१८ | ,, |
| ३२ | मुकुन्द प्रसाद ढकाल | २०६१-८-२० | २०६२-२-१ | ,, |
| ३३ | ध्रुव प्रसाद शर्मा | २०६२-२-१० | २०६२-१०-१ | ,, |
| ३४ | भानुभक्त पोख्रेल | २०६२-७-६ | २०६२-१२-३० | ,, |
| ३५ | माधव प्रसाद ओझा | २०६३-५-१९ | २०६३-१२-९ | ,, |
| ३६ | दुर्गा प्रसाद भण्डारी | २०६३-१२-११ | २०६४-१२-३० | ,, |
| ३७ | शिव प्रसाद नेपाल | २०६५-२-२७ | २०६५-६-३ | ,, |

| सि न | नाम थर | कार्यरत अवधि | | फोटो |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| ३८ | डा. कमलेश्वर कुमार सिन्हा | २०६५-७-६ | २०६७-३-२१ | ,, |
| ३९ | गणेश प्रसाद भट्टराई | २०६७-३-३० | २०६७-९-१८ | ,, |
| ४० | गेहनाथ भणडारी | २०६७-९-२१ | २०६७-११-३० | ,, |
| ४१ | रामप्रसाद घिमिरे | २०६८-१-१९ | २०६८-२-२३ | ,, |
| ४२ | बुद्धिबहादुर खड्का | २०६८-२-२६ | २०६८-२-३१ | ,, |
| ४३ | हरिराज पन्त | २०६८-३-१३ | २०६८-१०-२७ | ,, |
| ४४ | शिवहरी उपाध्याय | २०६८-११-१ | २०६९-१०-२० | ,, |
| ४५ | जीवन प्रसाद वली | २०६९-११-३ | २०६९-१२-२ |  |
| ४६ | दिल बहादुर घिमिरे | २०७०-१-९ | २०७१-१-३१ |  |
| ४७ | मदन भुजेल | २०७१-२-५ | २०७२-६-२१ |  |
| ४८ | नरहरि बराल | २०७२-६-२९ | २०७३-०९-१४ |  |
| ४९ | श्री उद्दब बहादुर थापा | २०७३-९-२७ | २०७५-१-१४ |  |
| ५० | श्री गोविन्द प्रसाद रिजाल | २०७५-१-२० | २०७५-८-१६ |  |
| ५१ | श्री लोकनाथ पौड्याल | २०७५-८-१७ | २०७५-११-१४ |  |

| सि न | नाम थर | कार्यरत अवधि | | फोटो |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| ५२ | श्री किरण थापा | २०७५-११-१५ | २०७६-१०-०५ |  |
| ५३ | श्री बासुदेव घिमिरे | २०७६-१०-०६ | २०७७-०४-२६ |  |
| ५४ | श्री इन्द्रदेव यादव | २०७७-०४-२८ | २०७८-०६-२४ |  |
| ५५ | श्री कृष्ण बहादुर शाही | २०७८-०६-२५ | हालसम्म |  |

## १५.जिल्ला स्थित कार्यालय र कार्यालयहरुको सम्पर्क नम्बर

| सि.नं. | कार्यालयको नाम | कार्यालय प्रमुखको नाम | पद | टेलिफोन नं. | मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | जिल्ला प्रशासन कार्यालय रौतहट | श्री कृष्ण बहादुर शाही | प्र.जि.अ. | 055-520033 | 9855037777 | |
| 2 | जिल्ला प्रहरी कार्यालय रौतहट | श्री विनोद घिमिरे | प्र.उ. | 055-520177 | 9855035555 | |
| 3 | सशस्त्र प्रहरी वल नेपाल रौतहट | श्री ध्रुव बहादुर कार्की | स.प्र.उ. | | 9851272109 | |
| 4 | बीरदल गण रौतहट | श्री प्रकाश गिरी | सेनानी | 055-520930 | 9848094370 | |
| 5 | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय रौतहट | श्री मुकुन्द बहादुर खड्का | उप अनु.नि. | 055-520077 | 9851092704 | |
| 6 | इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुर, रौतहट | श्री गणेश नेपाली | उप सचिव | 055-540236 | 9855041614 | |
| 7 | इलाका प्रशासन कार्यालय गरुडा, रौतहट | श्री रामस्वार्थ राय यादव | का.प्र. | 055-565424 | 9855042126 | |
| 8 | कारागार कार्यालय रौतहट | श्री शम्भु प्रसाद यादव | का.प्र. | 055-520127 | 9855013777 | |
| 9 | जिल्ला ट्राफिक कार्यालय रौतहट | श्री शैलेन्द्र न्यौपाने | का.प्र. | | 9855041301 | |
| 10 | रौतहट जिल्ला अदालत | श्री बसन्त राज पौडेल | मा.न्यायाधीश | 055-520101 | 9841611877 | |
| 11 | जिल्ला सरकारी वकिल कार्यालय रौतहट | श्री उदय चन्द्र भट्टराई | जि.न्यायाधिवक्ता | 055-520114 | 9855043114 | |
| 12 | शिक्षा विकास तथा समन्वय इकाई रौतहट | श्री राम विनय सिंह | जि.शि.अ. | 055-520120 | 9855040948 | |
| 13 | भूमी व्यवस्था मालपोत कार्यालय गौर रौतहट | श्री रामकृष्ण उप्रेती | का.प्र. | 055-520124 | 9855025054 | |
| 14 | मालपोत कार्यालय चन्द्रपुर रौतहट | श्री | का.प्र. | | 9855041416 | |
| 15 | मालपोत कार्यालय गरुडा, रौतहट | श्री मोहन कुमार पाठक | का.प्र. | | 9855044334 | |
| 16 | मालपोत कार्यालय मौलापुर, रौतहट | श्री बबुनन्दन साह | का.प्र. | | 9855040914 | |
| 17 | नापी कार्यालय गौर, रौतहट | श्री रामचन्द्र पंडित | का.प्र. | | 9855040669 | |
| 18 | नापी कार्यालय चन्द्रपुर, रौतहट | श्री संजय साह | का.प्र. | | 9855044092 | |
| 19 | नापी कार्यालय गरुडा, रौतहट | श्री राजेन्द्र चौधरी | का.प्र. | | 9845100128 | |
| 20 | नापी कार्यालय मौलापुर, रौतहट | श्री मुकेश कुमार यादव | का.प्र. | | 9855040939 | |
| 21 | जिल्ला हुलाक कार्यालय रौतहट | श्री देवनाथ यादव | का.प्र. | 055-520174 | 9855040984 | |
| 22 | गौर भन्सार कार्यालय रौतहट | श्री सुशील प्रसाद शर्मा | का.प्र. | 055-520110 | 9855044220 | |
| 23 | कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहट | श्री अर्जुन बराल | प्र.को.नि. | 055-520109 | 9841684254 | |
| 24 | जिल्ला निर्वाचन कार्यालय रौतहट | श्री छोटे लाल दास | जि.नि.अ. | 055-520100 | 9855040295 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 25 | जिल्ला समन्वय समितिको कार्यालय रौतहट | श्री जगत प्रसाद साह | जि.स.अ. | 055-520144 | 9855040453 | |
| 26 | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय रौतहट | श्री जगत प्रकाश चौधरी | का.प्र. | 046-520942 | 9854040405 | |
| 27 | प्रधानमन्त्री कृषि आयोजना परियोजना रौतहट | श्री राम वलभ साह | का.प्र. | | 9855026457 | |
| 28 | हुलाकी सडक कार्यालय रौतहट | श्री रन्जीत राय | का.प्र. | | 9846603718 | |
| 29 | बागमती मनुष्मारा झाँझ सिचाई व्यवस्था कार्यालय कर्मैया रौतहट | श्री योगेन्द्र प्रसाद यादव | का.प्र. | | | |
| 30 | पूर्वाधार विकास कार्यालय रौतहट | श्री विनोद ठाकुर | का.प्र. | 055-520869 | 9855040155 | |
| 31 | कृषि ज्ञान केन्द्र रौतहट | श्री चन्दभुषण झा | का.प्र. | 055-520001 | 9855024001 | |
| 32 | भेटेनरि तथा पशु अस्पताल विज्ञ केन्द्र रौतहट | श्री रापवित्र दास | का.प्र. | 055-520125 | 9855041549 | |
| 33 | जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालय रौतहट | श्री भक्त कुमार लाल | का.प्र. | 055-520162 | 9855040262 | |
| 34 | डिभिजन वन कार्यालय | श्री विनोद सिंह | का.प्र. | 055-540210 | 9855041823 | |
| 35 | खानेपानी सरसफाई एकाइ कार्यालय रौतहट | श्री | का.प्र. | 055-520103 | 9855044113 | |
| 36 | बागमति सि.आ.सर्लाही | श्री मित्र बराल | का.प्र. | | 9851230300 | |
| 37 | भूमिगत जल सिचाइ विकास डिभिजन रौतहट | श्री महेश पोखरेल | का.प्र. | | 9855046103 | |
| 38 | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय बिरगंज | श्री लक्ष्मण सिंह | का.प्र. | | 9841831379 | |
| 39 | भू तथा जलाधार व्यवस्थापन का. चन्द्रपुर | श्री विपिन कुमार झा | का.प्र. | 055-540235 | 9844025523 | |
| 40 | डिभिजन सडक कार्यालय चन्द्रपुर | श्री दरोगा प्रसाद साह | का.प्र. | | 9855041338 | |
| 41 | घरेलु तथा साना उद्योग कार्यालय रौतहट | श्री जयकान्त झा | का.प्र. | 055-520172 | 9845601187 | |
| 42 | करदाता सेवा केन्द्र रौतहट | श्री रोविन साह | का.प्र. | 055-521431 | 9855041072 | |
| 43 | पशु क्वारेन्टाइन आरैया रौतहट | श्री रामानन्द झा | का.प्र. | | 9745011341 | |
| 44 | यातायात व्य.सेवा कार्यालय रौतहट | श्री प्रमोद कुमार साह | का.प्र. | 055-521005 | 9843375833 | |
| 45 | जिल्ला स्वास्थ्य कार्यालय रौतहट | श्री रन्जीत कुमार राय | का.प्र. | 055-520142 | 9855040242 | |
| 46 | गौर अस्पताल रौतहट | श्री कृष्णा साह | का.प्र. | | 9852026892 | |
| 47 | जिल्ला आयुर्वेद औषधालय चन्द्रपुर | श्री शिवशंकर राय | का.प्र. | | 9855042402 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 48 | नेपाल विद्युत प्राधिकरण गौर रौतहट | श्री माधव प्रसाद यादव | का.प्र. | 055-520300 | 9855044770 | |
| 49 | नेपाल विद्युत प्राधिकरण चन्द्रपुर रौतहट | श्री मकसुद | का.प्र. | | 9852683644 | |
| 50 | नेपाल टेलिकम गौर रौतहट | श्री महेश झा | का.प्र. | 055-520222 | 9855040045 | |
| 51 | खानेपानी संस्थान गौर रौतहट | श्री शिवेन्द्र साह | का.प्र. | 055-520611 | 9843286969 | |
| 52 | कृषि सामाग्री संस्थान रौतहट | श्री रवि केशरी | का.प्र. | 055-540255 | 9840070350 | |
| 53 | कृषि विकास बैंक गौर रौतहट | श्री राम शरण सत्याल | का.प्र. | 055-520255 | 9851075015 | |
| 54 | राष्ट्रिय वाणिज्य बैंक गौर रौतहट | श्री निरज पाण्डे | का.प्र. | 055-520308 | 9855025208 | |
| 55 | नेपाल बैंक लि. गौर रौतहट | श्री विरेन्द्र कुमार झा | का.प्र. | 055-520155 | 9855040134 | |
| 56 | यूवा तथा साना व्यवसायी स्वरोजगार कोष रौतहट | श्री राकेश प्रसाद यादव | का.प्र. | | 9845135891 | |
| 57 | साल्ट ट्रेडिङ्ग क.लि. रौतहट | श्री एकलाल यादव | का.प्र. | | 9855040197 | |
| 58 | शहरी विकास तथा भवन कार्यालय रौतहट | | का.प्र. | 051-527870 | | |
| 59 | जनता अवास कार्यक्रम रौतहट | श्री संजिव साह | का.प्र. | | 9867225641 | |
| 60 | बागमती तथा लाल बकैया नदी नियन्त्रण कार्यालय परवानीपुर | श्री मनोरंजन सिंह | का.प्र. | | 9851200222 | |